Shikhar Insurance
*Happysurance*

मिति : २०७८।१०।१२

च.नं.: ४४९३

श्री नेपाल स्टक एक्सचेन्ज लि.

सिंहदरबारप्लाजा, काठमाडौं ।

**विषय : हकप्रद शेयर निष्काशन प्रयोजनार्थ शेयरधनी दाखिल खारेज बन्द हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७७/१२/९ गतेको साधारण सभाबाट पारित भए अनुसार हाल कायम साविक चुक्ता पूँजी रु. १,७५८,५२४,००० को १:०३ बराबरले हुन आउने रु.१०० अंकित दरका ५,२७५,५७२ कित्ता अर्थात रु. ५२७,५५७,२०० बराबरको हकप्रद शेयर निष्काशन गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृती भए अनुसार हकप्रद शेयर निष्काशन प्रयोजनार्थ मिति २०७८/१०/२१ गते १ (एक) दिन शेयरधनी दाखिल खारेज बन्द गरिने व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौं । साथै सो सम्बन्धी मिति २०७८/१०/१३ गते "कारोबार" दैनिक पत्रिकामा प्रकाशन हुने सूचनाको नमूना यसै पत्र साथ संलग्न गरी पठाईएको छ ।

भवदीय,

सुरज राजबाहक
कम्पनी सचिव

(छाप: शिखर इन्स्योरेन्स कं. लि. काठमाडौं)

बोधार्थ

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

**शिखर इन्स्योरेन्स कम्पनी लि.**
**केन्द्रीय कार्यालय:** शिखर बिज सेण्टर, थापाथली, पोष्ट बक्स नं. १०६९२, काठमाडौं, नेपाल
फोन नं. ०१-४२४६१०१, ४२४६१०२, फ्याक्स: ९७७१-४२४६१०३
E-mail: shikharins@mos.com.np, Web: www.shikharinsurance.com

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड

# Shikhar Insurance Company Ltd.

केन्द्रीय कार्यालय, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौ
फोन नं. ०१-४२४६१०१/४२४६१०२, फ्याक्स नं. ०१-४२४६१०३
इमेलः info@shikharinsurance.com / वेभसाइटः www.shikharinsurance.com

## हकप्रद शेयर निष्काशन प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुने सम्बन्धी सूचना

यस शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७७/१२/०९ मा सम्पन्न पन्ध्रौ तथा सोह्रौ वार्षिक साधारण सभाबाट पारित भए बमोजिम कम्पनीका शेयरधनीहरुमा १ : ०.३ को अनुपातमा (विद्यमान् १ कित्ता शेयर बराबर नयाँ ०.३ कित्ता शेयरको दरले) हकप्रद शेयर निष्काशन प्रयोजनका लागि मिति २०७८/१०/२१ गते (एक दिन) शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गर्दछौं । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७८/१०/२१ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवारबाट शेयर खरीद गरी शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिले २ (दुई) कार्य दिनसम्म शेयर नामसारी तथा दाखिल खारेजका लागि आवश्यक कागजात सहित यस कम्पनी शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा पेश भएको विवरणको आधारमा कायम भएका शेयरधनीले मात्र हकप्रद शेयरका लागि दरखास्त दिन पाइने हुँदा सम्बन्धित सबै शेयरधनीहरु तथा खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं ।

मिति २०७८ माघ १३ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने